# सहिदभूमि गाउँपालिका

## स्थानीय राजपत्र

सहिदभूमि गाउँपालिकाद्धारा प्रकाशित

खण्ड-६) सहिदभूमि, फाल्गुण-०९ गते, २०८० साल (संख्या-६

# भाग — २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(१) बमोजिम सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिका बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८१ सालको ऐन नं. ०६**

# ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि ,२०८०

**१.परिचय:** ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान,सीप,क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा,आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्धारा तोकिएको सेवा एंब सुविधाको उचित व्यबस्थापन गरी नेपालको संविधानको अनुसूचि ८ को क्र.सं.१६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को (२) बमोजिम कार्यान्वयन गर्न सहिदभूमि गाउँकार्यपालिकाले ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि तयार पारी लागु गरेको छ।

**२.परिचयपत्र वितरणका आधार :** नेपालको संबिधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक,ज्येष्ठ नागरिक सम्बन्धि नियमावली,२०६५ को नियम १५ अनुसार र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को धारा ११ को दफा २ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय पत्र वितरणका आधार हुनेछन् ।

**३.उद्धेश्य :**(१) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उत्त लगत राख्ने कार्यमा एकरुपताका लागि अनुसूचि -२ को ढाँचामा लगत राख्नु पर्नेछ ।

(२) नेपालको संबिधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको बर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य स्वास्थ्य सेवा,धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुबिधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

(३) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रकृयामा सहभागी गराउने ।

**४. लक्षित वर्ग :** ज्येष्ठ नागरिक सम्बन्धि ऐन,२०६३ ले परिभाषित गरे अनुसार साठी वर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकहरुको बर्गीकरण:** ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको बर्गीकरण देहाय बमोजिम गरिएको छ।

(क) साठी वर्ष पूरा गरी सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असहाय ज्येष्ठ नागरिक ।

(घ) अशत्त ज्येष्ठ नागरिक ।

(ङ) एकल ज्येष्ठ नागरिक ।

**६.परिचय पत्र वितरणका मापदण्ड:** ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ ।

**७.ज्येष्ठ नागरिकलाई परिचय पत्रको ढाँचा:** ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा यस कार्यविधिको अनुसूचि-१ बमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचय पत्रको आकार नेपाली नागरिकताको प्रमाण पत्रको आकार बराबरको हुनेछ।

**८.परिचय पत्र वितरण प्रकृया: (**१) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वंय वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा वडाअध्यक्ष समक्ष अनुसूची-३ बमोजिम निवेदन पेश गनुपर्नेछ ।

(२) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्र प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिनेछ ।

(३) निवेदकले पेश गरेको तथा यस कार्यविधिको दफा ८ (२) मा उल्लेखित अन्य कागजातहरु हेरी सम्बन्धित वडाको वडा अध्यक्षले उपयुत्त ठहयाई स्वीकृति प्रदान गरे पश्चात सम्बन्धित वडाको सचिवले प्रमाणित गरी ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्नेछ ।

(४) यस कार्यविधिको दफा ८ (३) बमोजिम वडा कार्यालयले ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने कुरामा कुनै कानुनी जटिलता आएमा वा वडा कार्यालयले सम्बन्धित निवेदकलाई परिचय पत्र प्रदान गर्न असमर्थता जनाएमा निवेदकले निवेदन सहितका आवश्यक कागजात प्रमाणहरु संलग्न गरी गाउँपालिकाको सो सम्बन्धि तोकिएको शाखामा पेश गरी सो शाखाले आवश्यक छानविन र स्वीकृतिका लागि गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(५) त्यसरी छानविन र स्वीकृतिका लागि पेश हुन आएको निवेदन माथि गाउँपालिकाको अध्यक्षले हेरी प्रचलित कानुन बमोजिम उपयुत्त ठहयाई स्वीकृति प्रदान गरेमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित वडा कार्यालयलाई निर्णय सहित निवेदकलाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न वडालाई निर्देशन गर्न सकिनेछ ।

(६) परिचय पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिम सफ्टवेयरमा कम्प्युटराईज गरी गाउँपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(७) ज्येष्ठ नागरिक परिचय पत्र हराएमा वा झुत्रा भई प्रयोग गर्न नमिल्ने भएमा प्रमाण सहित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ। निवेदन उपर वडाले जाँच गरी वडामा खडा गरिएको अभिलेखका आधारमा "**प्रतिलिपि**" बनाई ज्येष्ठ नागरिक परिचयपत्रको प्रतिलिपि प्रदान गर्नु पर्नेछ ।

**अनुसूची-१**

ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा

सहिदभूमि गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

धनकुटा ,कोशी प्रदेश नेपाल

**ज्येष्ठ नागरिक परिचय पत्र**

प.प.न........................................

नाम,थर....................................

ना.प्र.न.........................................

ठेगाना : जिल्ला...............................................गा.पा..................................................

वडा नं...............................................टोल/गाउँ.......................................................

उमेर....................................................लिङ्ग..........................................................

उपलब्ध छुट तथा सुविधाहरु:...............................................................................

पति/पत्नीको नाम:.........................................................................................

हेचाह केन्द्रमा बसेको भए सोको विवरण

सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम ,थर:....................................................................

सम्पर्क:..................................................................रक्त समुह....................................

रोगको नाम...........................................................................

सेवन गरिएको ओषधीको नाम .......................................................

प्रमाणित गर्ने अधिकारी

दस्तखत :

नाम ,थर:

पद:

कार्यालय:

**अनुसूची-२**

सहिदभूमि गाउँपालिका

**ज्येष्ठ नागरिक परिचय पत्र वितरण अभिलेख रजिष्ट्र**

| क स | नाम थर | ठेगाना | जन्ममिति | विवाहित / अविवाहित | लिङ्ग | ना प्र प न | उपलब्ध सुविधा छुट | पेशा | अभिभावक | औंठाछाप | फोटो | कार्यालय प्रमुखको हस्ताक्षर | वितारित मिति |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | | | | | | | | | | | |

## **अनुसूची -३**

ज्येष्ठ नागरिकको परिचयपत्र पाउनको लागि निवेदनको ढाँचा

श्री वडाअध्यक्ष ज्यु ,

...........................................सहिदभूमि गाउँपालिका, धनकुटा ।

**विषय :-ज्येष्ठ नागरिक परिचय पत्र पाउँ**

महोदय ,

सहिदभूमि गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय –पत्र वितरण कार्यविधि २०८०,बमोजिम म ज्येष्ठ नागरिकको परिचयपत्र पाउन योग्य भएकोले निम्न लिखित विवरण राखि परिचयपत्र पाउन यो निवेदन पेश गरेको छु । मैले पेश गरेको विवरण ठीक साँचो छ,झुट्टा ठहरेमा कानुन बमोजिमको सजाय भोग्न मञ्जुर छु

१.नाम ,थरः......................................................उमेर............................लिङ्ग......................

२.प्रदेश :-

३.ठेगाना:-

क)स्थायी ठेगाना......................................पालिका ,वडा नं.........................टोल

ख) अस्थायी ठेगाना.................................पालिका वडा नं..............................टोल

ग) सम्पर्क नं.............................................

४)नागरिकता परिचयपत्र नं...........................................................

५) संरक्षकको नाम ,थर......................................निवेदकको नाता ...................................

६) संरक्षकको सम्पर्क नं..............................................

निवेदक

नाम,थर

हस्तारक्षर

मिति:-

आज्ञाले

नविन कार्की

प्रमुख प्रशासकी अधिकृत